हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY




वर्ष : ०१ अंक : ५९ पृष्ठ : ४ २०७७ भदौ २७ गते शनिबार (Saturday 12 September 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

# सिरहा कारागारका थप १९ कैदीबन्दीमा संक्रमण पुष्टि

- थप १९ सँगै कोरोना संक्रमित कैदीबन्दीको संख्या ७८ पुग्यो
- संक्रमित मध्ये १८ महिला कैदीबन्दी

लहान । सिरहा कारागारका थप १९ कैदीबन्दीमा शुक्रबार कोरोना संक्रमण पुष्टि भएको छ । जिल्ला स्वास्थ्य कार्यालयका स्वास्थ्य प्रमुख कृष्णदेव यादवका अनुसार शुक्रबार कोरोना संक्रमण पुटि भएकामध्ये १८ महिला कैदीबन्दी छन् । यसअघि बुधबार ५९ कैदीबन्दीमा कोरोना संक्रमण पुष्टि भएको थियो ।

बुधबार र शुक्रबारको पीसीआर रिपोर्ट अनुसार कारागारमा कोरोना संक्रमित कैदीबन्दीको संख्या ७८ पुगेको छ । बुधबार आएको रिपोर्टमा ५९ जना कैदीबन्दीमा एकैसाथ कोरोना संक्रमण देखिएपछि अन्य कैदीबन्दीको पनि स्वाब संकलन गर्दै परीक्षण गराउन थालिएको छ । १ सय ५० जना कैदी बन्दी राख्ने क्षमता भएको यो कारागारमा अहिले ५ सय ९८ जना कैदीबन्दी छन् ।

सिरहा कारागारका निमित्त प्रमुख बविता कुमारी महतोका अनुसार शुक्रबार आएको नतिजा अनुसार १८ जना महिला कैदीबन्दीमा कोरोना संक्रमण पुष्टि भएको हो । उनका अनुसार दुई जना आश्रित बालबालिकामा पनि संक्रमण पुष्टि भएको छ ।


**स्थानन्तरण गरे लगत्तै संक्रमण पुष्टि**

कारागारमा यसअघि कोरोना पोजेटिभ देखिएका पुरुष कैदीबन्दीलाई फराकिलो ठाउँमा राख्न भन्दै कारागार प्रशासनले महिला ब्लक खाली गरेको थियो । कारागार प्रशासनले बिहीबार राति १८ जना महिला र २ जना आश्रित बालबालिकालाई उदयपुर, सप्तरी र मोरङ कारागारमा स्थानन्तरण गरेको थियो । स्थानन्तरण गर्नुअघि कारागार प्रशासनले उनीहरूको स्वाब संकलन गरेको थियो ।

तर, ती ठाउँमा पुऱ्याएपछि शुक्रबार साँझ उनीहरूको रिपोर्ट पोजेटिभ आएको छ । रिपोर्ट पोजेटिभ आएपछि ती सबैलाई पुनः फिर्ता बोलाउन लागिएको कारागार प्रमुख महतोले बताइन् । 'एउटा बस नै रिजर्भ गरेर उनीहरूलाई उदयपुर, सप्तरी र मोरंग पठायौं,' महतोले भनिन्, 'तर रिपोर्ट पोजेटिभ आएपछि सोही बसमा पुनः बसाएर सबैलाई यही बोलाएका छौं ।'

**प्रदेश २ मा ४८ कोरोना संक्रमित थपिए**

बाँकी ३ पेजमा



सामाजिक विकास मन्त्रालय

प्रदेश नं. २

प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला, जनकपुर, नारायणी उप-क्षेत्रीय अस्पताल, वीरगंज र गजेन्द्र नारायण सिंह सगरमाथा अस्पताल, राजविराजबाट आज मिति २०७७/०५/२६ गत्ते प्राप्त कोरोना संक्रमित पुष्टि भएकाहरुको विवरण:

| जिल्ला | स्थान | वार्ड नं. | महिला | उमेर | पुरुष | उमेर | जम्मा |
|---|---|---|---|---|---|---|---|
| सिरहा | सिरहा कारागार | | १८ | २ देखि ६० वर्ष | १ | २ वर्ष | १९ |
| | लहान न.पा. | ९, ११, अन्य | ० | | ३ | २६, ४१, ५६ वर्ष | ३ |
| | **सिरहाको जम्मा:** | | १८ | | ४ | | २२ |
| बारा | गम्हरगावा | १ | १ | ३८ वर्ष | ० | | १ |
| | **बाराको जम्मा:** | | १ | | ० | | १ |
| पर्सा | वीरगंज | १३ | ० | | १ | ३३ वर्ष | १ |
| | **पर्साको जम्मा:** | | ० | | १ | | १ |
| सर्लाही | मलङ्गवा न.पा. | २ | ० | | ३ | २७, २९, २९ वर्ष | ३ |
| | मलङ्गवा न.पा. | ४ | ० | | १ | ४५ वर्ष | १ |
| | मलङ्गवा न.पा. | ११ | ० | | १ | २४ वर्ष | १ |
| | **सर्लाहीको जम्मा:** | | ० | | ५ | | ५ |
| रौतहट | फतुवा विजयपुर न.पा. | ६ | ० | | २ | २४ वर्ष | २ |
| | फतुवा विजयपुर न.पा. | ८ | ० | | २ | ४० र ७० वर्ष | २ |
| | फतुवा विजयपुर न.पा. | १० | ० | | १ | २८ वर्ष | १ |
| | अजगैवी (फतुवा विजयपुर क्वारेन्टाईन) | | ० | | १ | २० वर्ष | १ |
| | **रौतहटको जम्मा:** | | ० | | ६ | | ६ |
| सप्तरी | जिल्ला प्रहरी कार्यालय, राजविराज | | ० | | २ | ४४, ४५ वर्ष | २ |
| | राजविराज न.पा. | ३ | २ | ३० र ४० वर्ष | २ | ३९ र ७० वर्ष | ४ |
| | रुपनी गा.पा. | २ | ० | | १ | ११ वर्ष | १ |
| | तिलाठी कोईलाडी गा.पा. | ६, ८ | १ | ४० वर्ष | ५ | १५ देखि ४६ वर्ष | ६ |
| | **सप्तरीको जम्मा:** | | ३ | | १० | | १३ |
| | **आजको जम्मा:** | | २२ | | २६ | | ४८ |
| | **हिजो सम्मको जम्मा:** | | १८५९ | | ९८०६ | | ११६६५ |
| | **आज सम्मको जम्मा:** | | १८८१ | | ९८३२ | | ११७१३ |

आज पुष्टि भएका संक्रमित सबैको स्वास्थ्य अवस्था सामान्य रहेको र वहाँहरु स्वास्थ्यकर्मीको सम्पर्कमा रहनु भएको छ । हाल सम्म मृत्यु भएकाहरुको संख्या १०८ जना (धनुषा १३, महोत्तरी १२, सिरहा १०, सप्तरी ८, सर्लाही ४, रौतहट ५, बारा १६, पर्सा ३९, भारतीय १) जसमा पुरुष ९२ र महिला १६ रहेका छन् ।

**आज मृत्यु हुनेमा महोत्तरीको बथनाहा टोल घर भई हाल जनकपुरमा बस्दै आएका एक जना ६५ वर्षका पुरुष रहेका छन् ।**

साथै आज जम्मा २२ जना (१९ पुरुष, ३ महिला) निको भई घर फर्केका छन् ।

**अध्यावधिक मिति :- २०७७/०५/२६ गत्ते ४:०० बजे**

2077/05/26

डा. कमलेश प्र. यादव

**व.चिकित्सक**

## श्री पशुपति आर्दश मा.वि.

लहान मटियर्वा-७, सिरहा

### भर्ना सम्बन्धी सूचना

**कक्षा १ देखि ९ सम्म र कक्षा ११ का सबै बिषयमा नयाँ भर्ना खुलेको हुँदा भर्ना गराउन हुन सम्पूर्ण विद्यार्थी, अभिभावकज्यूहरुमा यसै सूचनासाथ अनुरोध गरिन्छ । बिहान ७:०० बजे देखि ११:०० बजे सम्म विधालय प्रशासन मा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ !**

**संकायहरु**

१) विज्ञान संकाय २) बाणिज्य संकाय
३) शिक्षा संकाय ४) मानविकी

- ग्रामीण विकास र कम्प्यूटरको विशेष व्यवस्था छ ।
- पाठ्यपुस्तक पनि वितरण हुनेछ ।

**समय : विहान ६:०० - १२:०० बजे सम्म**

**सम्पर्क नं.**

प्र.अ. ९८४२८२७८६७ स.प्र.अ. ९८५२८३२३६९

श्री प.आ.मा.वि. लहान ☎०३३-५६०२१३

# मिर्चैया नगरपालिकामा अनियमितता भएको भन्दै विरोध प्रदर्शन



सिरहा । मिर्चैया नगरपालिकामा व्यापक अनियमितता भएको भन्दै सर्वदलीय संयुक्त संघर्ष समितिले शुक्रबार मिर्चैयामा विरोध प्रदर्शन गरेका छन् ।

विभिन्न राजनीतिक दल सम्मिलित गठित सर्वदलीय संयुक्त संघर्ष समितिले मिर्चैयामा प्रदर्शन गरेका हुन् । नगरपालिकामा व्यापक अनियमितता र भ्रष्टाचार भइरहेको भन्दै स्थानीयबासी आन्दोलनमा उत्रिएका हुन् । मिर्चैयाको संस्था चोकबाट निस्केको ऱ्याली बजारको विभिन्न भागको परिक्रमा गर्दै कटारी चोकमा कोण सभामा परिणत भएको थियो । निषेधाज्ञाका कारण प्रहरीले बढी समयसम्म कोणसभा गर्न नदिएपछि २० मिनेट जतिमै कोणसभा सकाइएको थियो । कोणसभामा वक्ताहरूले सार्वजनिक सम्पत्तिमा अनियमितता तथा लोकतन्त्रमा राजतन्त्रको दृश्य सह्य नरहेको र नगरपालिकामा यसले सीमा नाघिरहेको भन्दै लकडाउनका बीच पनि सडकमा आउन बाध्य हुनुपरेको बताए ।

नगरपालिकाका मेयर श्रवण यादवले भ्रष्टाचारमा लिप्त भएर नगरपालिकाको भविष्य धरापमा पार्दै गएको तत्कालीन राजपाका नगरअध्यक्ष अजय साहले आरोप लगाए । खराब प्रवृत्तिको विरूद्धमा बोल्दा मेयरले विपक्षीलाई सताउने काम गरिरहेको समेत उनको आरोप छ । अब चुप नबस्ने भन्दै उनले मेयर सच्चिनुपर्ने धारणा राखे । नगरप्रमुखद्वारा भइरहेको पदको दुरूपयोग र गैर जिम्मेवार कार्यले लोकतन्त्रको बद्नामी भइरहेको राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रिय सदस्य रामप्रताप साहको आरोप छ । मिर्चैया नगरपालिकाका मेयर यादवको निर्देशनमा नगरपालिकाले नियमित रुपमा सार्वजनिक गर्नुपर्ने सूचनाहरू लुकाएर चरम भ्रष्टाचार गरिरहेको कांग्रेसका नगर सभापति रमेश न्यौपानेको भनाइ छ ।

पदिय मर्यादालाई दुरूपयोग गर्दै मेयर यादवले नीति, नियम तथा ऐनलाई अपव्याख्या गरेर भ्रष्टाचार गर्ने गरेको वक्ताहरूको

बाँकी ३ पेजमा

# जितिया पर्व सम्पन्न

लहान । तराई क्षेत्रमा जितिया पर्व सम्पन्न भएको छ । ब्रतालु महिलाहरूले थुक पनि ननिलेर ३६ घण्टासम्म व्रत गरी पर्व सम्पन्न गरेका हुन् ।

तराईमा यस्ता धेरै पर्व छन्, जसको आ-आफ्नै विशेषता र महत्व छ । त्यस्तै पर्व मध्ये एक हो जितिया । यसलाई तराईको महान पर्व पनि भनिन्छ । यो पर्व तराईबासीहरुको लागि धेरै महत्वपूर्ण र विशेष छ । छठ जस्तै जितिया पर्वलाई पनि तराईबासीहरूले श्रद्धा र भक्तिले मनाउँछन् । जितिया पर्व पनि छठजस्तै तीनदिन सम्म चल्छ । तराइबासी महिलाले यसवर्ष निष्ठापूर्वक ब्रत बसी सम्पन्न गरेका छन् ।

सप्तमी, अष्टमी र नवमी तिथिमा मनाइने यो पर्वमा सन्तानको आरोग्य कामनासहित कठोर व्रत गरिने चलन छ । विगतमा छोरा हुनेले मात्र ब्रत बस्ने परम्परा रहेकामा आमाहरूले हाल सो परम्परा तोड्दै छोराछोरी दुवैको सुख, शान्ति र समृद्धिका लागि व्रत बस्ने गरेका छन् । विवाहित नारीले दु:ख, जोखिम, विपद र दुर्घटनाबाट छोराछोरीको रक्षा होस् भन्ने कामनाका साथ ब्रत बस्ने चलन छ । यो पर्व विपद् तथा सन्तान रक्षाका लागि मनाइने किंवदन्ति छ । जितिया

बाँकी ३ पेजमा

**भित्री पृष्ठमा**

नेपाली, मधेसी ओ मैथिली
पेज २ मा

स्थानीय सरकार : अवसर, चुनौती र व्यवहारिक समस्या
स्तम्भ : पालिका बहस
पेज ४ मा




## फ्रेन्डस मोडल हस्पिटल, लहान-३

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

**हाम्रो सेवाहरु**

NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

**डाक्टरहरु**

बालरोग विशेषज्ञ — डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर — डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ — डा. विरेन्द्र यादव

# चौबटिया

## भाषिक साम्राज्य र मातृभाषा



अर्जुन प्रसाद गुप्ता 'दर्दिला'
कवि तथा गितकार

मानिस भएर जन्मिसकेपछि पहिचान अनिवार्य हुन्छ नै । यसैकारण नाम र थरको आवश्यकता पर्छसँगै वतनको पनि पहिचान हुनु जरुरी पर्छ । वतन यसकारण कि पूर्ख्यौलीको पहिचान होस् । पूर्ख्यौलीसँग जोडिएको कला, संस्कृति, संस्कार र पहिरन पनि पहिचानभित्रै पर्छ । जुन व्यक्तिसँग पहिचान छैन त्यो व्यक्ति मृत्युवरण सरह हुन्छ । यसैकारण समाज चाहिन्छ र मानव सामाजिक प्राणी मानिएको हो ।

कतिको तर्क हुन्छ 'मानव सबैको रगत र चरित्र एकै किसिमको भएको कारण मानव सबैको एउटै पहिचानको हो । भिन्न पहिचानले मानव मानव बीच अनेकताको अवस्था ल्याउने गर्छ । किनकी, सबै आ–आफ्ना पहिचानको स्थायित्व र विकासका लागि द्वन्द्वको स्थिति ल्याइरहेका हुन्छन् । जो मानवताको अवरोधक हो–'हो यो तर्कलाई वर्तमान अवस्थामा नकार्न सकिन्न ।' तर यो तर्क मानव मानवभित्र भएको नकारात्मक व्यवहारिक सोंचको कारण सान्दर्भिक लाग्छ । एक मानव अरुको अस्तित्व स्वीकार्दै सम्मानित जीवन जिउने वातावरणलाई स्थायित्व दिएभने कसैको पहिचानलाई बाधा पुग्दैन । तर आजको युगमा विकराल समस्याको रुपमा एक मानिसले अरुको अस्तित्वलाई स्वीकार्न आनाकानी गर्नु हो । यसकारण यहाँ द्वन्द्व छ ।

नेपालमा पनि पहिचानका आन्दोलनहरु भए र भइरहेको अवस्था पनि छ, किन ? किनकी, अवस्था नै त्यस्तो बनाइएका छन् । यति सानो देशमा संघीयताको आवश्यकता थिएन । किनकी, यहाँका शासक वर्गहरुका सोंच र व्यवहारका कारण द्वन्द्वात्मक स्थितिको सृजना गरि शासन चलिरहेको छ । देशलाई साझा बनाइएको छैन । विभेदकारी सोंचले चलाइएको शासन प्रणालीले द्वन्द्वको अन्त्य हुनै सक्तैन । प्रत्येक पद, सेवा सुविधा र अवसरमा आफ्ना महत्वाकांक्षी गिद्दे नजर राखी देशका शासन चलाउँदा समानताको स्थिति आउन सक्दैन । यो स्थितिका उदाहरणहरुको विषयमा उल्लेख गरिरहनु नपर्ला । यो सर्वबिदित छ । कर जनताले तिर्ने तर सुविधा जति शासक वर्गले लिनु नै अनुचित शासन प्रणाली हो । जनताले तिरेको करबाट जनताका पीडा, दु :खको समाधान हुनपर्ने हो नि ? देश र जनताका समस्याको समाधान हेतु नेतृत्वको चयन हुन्छ । न कि नेताका आफन्त र चाटुकारहरुको सेवा सुविधाका लागि । यही विभेदयुक्त शासनले शोषणको उत्पादन गर्छ र शोषणले विद्रोहको । यसकै उपज हुन् '२०५२ सालदेखि सुरु भएको १० वर्षे जनयुद्ध र २०६३/०६४ को मधेस विद्रोह ।'

यहाँ शब्दको गलत अर्थ अर्थाइन्छ । मैले २०४६ सालको जनआन्दोलन पछिको प्रजातान्त्रिक सरकारको शासन र जनताको व्यवहारलाई विचार गरि आफ्नो कोठाको भित्तामा उक्तिको रुपमा लेखेको थिए, 'जनचेतना विनाको प्रजातन्त्र अपांग हुन्छ, वहुदलीय प्रजातन्त्रमा जनताको शोषण र विकासको हत्या हुन्छ र यदि एकदलीय प्रजातन्त्रमा एकाधिकार र निरंकुशता भयो भने त्यस दिन प्रजातन्त्रको अन्त्य हुन्छ ।'

नेपालमा राजनीति नबुझ्ेका जनताको प्रतिशत बहुमतमा छन् । उसैको मत नेतृत्व चयनमा निर्णायक हुन्छ । उसैले सरकारको नेतृत्व पक्तिको चुनाव गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा प्रजातन्त्रको कस्तो सदुपयोग होला सबैले जाने बुझ्ेको विषय हो । यहाँका वहुसंख्यक मतदातासँग हातमुख जोड्ने समस्या भएको कारण ती समस्याको समाधानमा आफ्ना समय उपयोग गर्नुपर्दा राजनीति गतिविधि बुझ्ने र चाँसो लिने फूर्सद नै छैन । यसकारण वहुसंख्यक जनतामा राजनैतिक चेतनाको कमी छ र यसकै फाइदा राजनैतिककर्मीहरुले लिइरहेको पाइन्छ । व्यक्तिगत महत्वाकांक्षा साथ गरिएको राजनीति देश र जनहीतमा कदापी हुनै सक्दैन । तथापि यस्ताकैं हातमा देशको शासन चलाउने जिम्मेवारी जानु देश र जनताको दुर्भाग्य हो । मानौ नमानौ तर भएको यथार्थता यही नै हो । यहाँका बेइमान शासक वर्गहरुको नेतृत्वमा भएका आन्दोलनहरुले जनताका चाहना जलेका छन् भने देशको अवस्था बिग्रेको छर्लङ्गै भएको छ । यो कसैबाट लुकेको अवस्था छैन ।

१० वर्षे जनयुद्ध र मधेस विद्रोह पछिको पहिलो संविधानसभाको चुनाव पछिको गतिविधिहरु सरासर बेइमानी मैं बिते । माग राख्नेको बेइमानी र माग पूरा गर्नेको बेइमानीले खरबौं रकम नास पारिए । तर वास्तविक जनताका माग

बाँकी ३ पेजमा

# नेपाली, मधेसी ओ मैथिली

डा. विद्यानाथ झा 'विदित'

कौटित्यक अर्थशास्त्र, समुद्रगुप्तक प्रयाग–प्रशास्ति एवं चीनीयात्री ह्वेनसाङ्क यात्रा वृत्तान्तमे जाहि नेपाल राज्यक प्रयोग कएलगेल अछि से नेपाल, स्वयम्भूद्वारा स्वत : रक्षित विलक्षण देश थिक । 'ने'क अर्थ होइछ स्वयम्भू आ 'पाल'क अर्थ होइछ रक्षक ।

भारत आ नेपालक बीच मिथिलाक स्थिति तँ एकटा एहन नैसर्गिक राजदूत सदृश अछि जकर सहायतासँ अदौसँ दुनू देशक भाषा, साहित्य आ संस्कृतिक गहन आदान–प्रदान होइतरहल अछि । मिथिला मैथिली आ नेपालीक मधेसीक तँ सपनो बुझू सब दिनसँ सझिए रहल अछि । पर्वतक उपरी प्रदेशमे रहबाक कारणे नेपालकेँ अधित्यका आ तकरा समीपमे रहबाक कारणेँ मिथिलाकेँ उपत्यका कहल जाइत रहल । उमत्यका द्रेरासन्ना, भूमिरूर्ध्वमधित्यका ।

जहाँधरि मैथिली आ मधेशीक सम्बन्ध अछि दुनूक विकासक इतिहास एकहि थिक । कहिओ एहनो समय छल जहिया मैथिली स्वयं देशभाषा कहबैत छल । १८०९–१०मे बुकाननद्वारा भागलपुर–पूर्णियाक जे प्रसिद्ध प्रतिवेदन समर्पित कएलगेल छल ओहिमे ओ मैथिलीक बदला 'देशभाषा ऑफ मैथिल्स'क उल्लेख कएने छलाह । तँ मधेश अथवा मधेशीपर उपरौंझ नहि कऽ मैथिली आ मधेशीक अन्योनश्रित एकता आ सामञ्जस्येपर विचार करबाक चाही । पूर्वमे हिमालयसँ दक्षिण आ विन्ध्याचलसँ उत्तरक समस्त क्षेत्र मध्यदेश कहबैत छल ।

हिमबद्विन्ध्ययोर्मध्य त्प्राग्विनशनादपि

प्रत्यगेव प्रयागाच्च मध्यदेश : प्रकीर्ति:।।

मिथिलाकेँ नेपालसँ सामाजिक, सांस्कृतिक राजनैतिक आ साहित्यिक एहिसब क्षेत्रमे आत्मिक सम्बन्ध रहल अछि । सामाजिक क्षेत्रमे यदि उभय पक्षक लोक परस्पर सम्बन्धी बनबाक आ सौजन्यक निर्वाह करबाक अभ्यासी रहलाह तँ सांस्कृतिक क्षेत्रमे मिथिलाकसँग नेपाल सर्वदा एकटा सन्दर्भ–भूमिक भूमिकाक निर्वाह कएलक । नेपालक ओ जिलासब जकरा हेतु *'मिथिला–कोच–भोजपुर–मधेश'* नामक प्रदेश प्रस्तावित अछि, ओहिमे झापा, मोरंग, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी गौर एवं बारा सम्मिलित अछि, ई सोचबाक विषय थिक जे यदि मिथिलाक सांस्कृतिक इतिहाससँ मोरंगक विराटनगर, सप्तरीक राजविराज, सिरहाक सलहेस बाडी तथा धनुषाक जनकपुरधामकेँ हटा देल जाए तँ मिथिलाक इतिहासक स्वरूप केहन हएत ? तहिना महाकवि विद्यापति जाहि ***पशुपति भामिनी*** गोसाउनिक ध्यान करैत हुनकासँ सहज–सुमतिक वरदान मङ्गलनि अथवा मिथिलाक प्रत्येक कन्यालोकनि जाहि "साते भवतु सुप्रीता"क वन्दना करैत पशुपतिक नित्य स्मरण करैत छथि,से पशुपति तँ एतहि पशुपतिनाथक रूपमे विराजित छथि । एतबए नहि जहिना नेपालमे विक्रमसम्बत आ लक्ष्मण सम्वतक प्रधानता रहल तहिना मिथिलामे अद्यावधि प्रचलित अछि ।

त्रेता युगनीन सीरध्वज जनक आ हुनक राजधानी जनकपुरक इतिहास तँ जगतप्रसिद्ध अछिए । पछिला एगारह यस वर्षक इतिहास सेहो मिथिला आ नेपालक प्रगाढ सम्बन्धक साक्षी रहल अछि । १०९७ मे कर्णाटवंशक राजा नान्यदेव खपन राजधानी सिमरांवगढकेँ बनौलनि । १३२४ मे हरिसिंहदेव, जिनका समयमे मिथिलाक पञ्जीप्रबन्ध तैयार भेल, मिथिलासँ पाटनक निकछ आबि अपन निवास बनौलनि । १३८० सँ १३९४क बीच जयस्थिति मल्लक राज्यकालमे भूमि, भवन एवं जातिक सम्बन्धमे धर्मशास्त्रीय व्यवस्था देबाक हेतु मिथिलासँ अनेक विद्वान बाजाओल गेल रहथि जाहिमे कीर्तिनाग उपाध्याय, रघुनाथ झा, श्रीनाथ भट्ट, महिनाथ भट्ट तथा रमानाथ झा सम्मिलित रहथि । १५२७ मे मिथिलापर दिल्ली सुल्तानक आक्रमणसँ प्रभावित भऽ मिथिलाक अनेक विद्वान नेपालक शरण लेलनि । ओहि समयमे सभकेँ प्राय : समान सुविधा नहि भेटबाक कारणेँ एकटा कहबी प्रसिद्ध भेल जे *'जाएब नेपाल मुदा कपार तँ सँगहि रहत '* । ई कहंबी आइधरि जन–कण्ठमे प्रचलित अछि । १६१८–१६३३ धरि जगज्योर्तिमल्लक शासनकालमे हुनका राजदरबारमे वंशकणि झा सन मैथिल विद्वान रहथि । हुनकहि समयमे सङ्गीत, नृत्य, गीतनाट्य आ नटक चरम उत्कर्ष प्राप्त कएलक । भातगांव, पाटन आ काठमण्डू ई तीनू नेवारी ओ मिथिला नाटकक प्रधान केन्द्र बनल छल ।

जहाँधरि भारत आ नेपालक साहित्यिक सम्बन्धक प्रश्न अछि, एक शब्दमे तकरा प्रगाढे कहल जा सकैत अछि । दुनू देशक साहित्यिक सम्बन्धकेँ दू प्रकारक सन्दर्भमे देखब उचित हएत । पहिल मैथिली आ नेपालीक बीचक सम्बन्ध आ दोसर दुनू देशक मैथिलीक बीचक सम्बन्ध । जहाँधरि मैथिली आ नेपालीक सम्बन्धक प्रश्न अछि से बड्ड पुरान अछि ।

मिथिलामे एकटा कहबी अछि
दुनू कात भानू ।
अपन जग्ग ठानू ।।

यद्यपि ई सूर्यक उत्तरायण–दक्षिणायनसँ सम्बन्धित एकटा ज्योतिषीय वचन थिक परन्तु एकर एकटा गूढार्थ सेहो अछि ।

मैथिलीक उत्तर आ दक्षिण दुनूदिस भानू छथि अर्थात उत्तरमे भानुभक्त आ भानुदत्त छथि आ दक्षिणदिस भानु सिंह ठाकुर छथि अत: हमरा लोकनिकेँ मैथिलीक उत्थानक हेतु अपन प्रयत्नरूपी यज्ञ करबाक चाही । हमरालोकनि जनैत छी जे नेपालक एक कवि भानुभक्त अध्यात्म रामायणक नेपाली अनुवाद कएने छलाह । तँ दोसर भनुभक्त हितोपदेश मित्रलाभक नेपाली अनुवाद कएने छलाह । तहिना बङ्गालक कवीन्द्र–रवीन्द्र भानुसिंह ठाकुरक नामसँ विद्यापतिक गीतक अनुशरण करैत भानुसिंह ठाकुरेर पदावलीक रचना कएलनि । एहिप्रकारेँ नेपालमे यदि सीताक आशा पसरलनि तँ बङ्गालमे हुनक भाषा ।

जहिना नेपाली १९३२ सँ पूर्व गोरखाली कहबैत छल तहिना मैथिली पहिने तिरहुतिया कहैबत छल । जहिना मैथिलीक कथा साहित्यक विकास संस्कृत आ प्राकृत आ अपभ्रंशक आख्यानसँ प्रेरित भेल तहिना नेपालीयोमे । जहिना आधुनिक नेपाली कथा साहित्यसँ पहिने नेपालीमे स्वस्थानी व्रतकथा, वीर सिक्का, लाल हीरा, अचम्मका बच्चाको कथा, हातिमताइको कथा, गुलबाकावली, सुनको स्त्रीरानीको कथा, जैमिनी बालुन, पंचक–प्रपंच, तीजको कथा तथा मच्छिन्द्रनाथको कथा आदि बहुत लोकप्रिय सिद्ध भेल तहिना मैथिलीमे सेहो अनेक व्रत–पर्व कथा एवं आख्यानक अनुवादे पहिने लोकप्रिय भेल छल ।

ई एकटा विचित्र संयोग छल जे जाहि अवधिमे मैथिलीमे हरिमोहन झाक उपन्यास 'कन्यादान' लिखलगेल ओहि समयमे नेपालीमे लाहुरेक देवीक बलि आ रूद्रराज पाण्डेक उपन्यास 'रूपमती' प्रकाशित भेल । एहिसब रचनासँ मैथिली आ नेपालीमे नवीन रचनात्मक तरङ्ग उत्पन्न भेल ।

जहिना नेपालीक पत्र–पत्रिकाक इतिहासमे गोरखा भारत जीवन (वनारस) उपन्यास तरंगिनी, सुधा सागर, गोरखा–पत्र (काठमाण्डू) खबर कागत (दार्जिलिङ्) एवं चन्द्रिकाक भहत्वूर्ण योगदान रहल अछि तहिना नेपालक मैथिलीक विकासमे विभिन्न क्षेत्रसँ प्रकाशित बालमित्र, जागरण, फूलपात, गामघर, सलहेसवाणी, साप्ताहिक मिथिला, मिथिला डाट काम तथा भूमिजाक महत्वपूर्ण सहयोग रहल अछि ।

जहाँधरि मैथिली आ नेपालक सम्बन्ध अछि, इतिहास, लिपि एवं भाषा एहि तीनू क्षेत्रमे नेपालक योगदान स्त्त्य अछि । यदि १९०७ मे हरप्रसाद शास्त्रीकेँ नेपाल राज लाइब्रेरीसँ बौद्धगान ओ दोहा,(जकर प्रकाशन १९१७मे बङ्गली साहित्य परिषदद्वारा भेल) नहि भेटल रहितनि अथवा १९५७ मे काठमाण्डूक वीर पुस्तकालयमे डा. जयकांत मिश्रकेँ ज्योतिरीश्वरक भगवच्चरित नहि भेटल रहितनि तँ ने तँ बौद्धगान ओ दोहा मैथिलीक प्रारम्भिक आ ने मैथिली नाटकक इतिहास ज्योतिरीश्वरक धूर्तसमागम (१३म शताब्दी) सँ प्रारम्भ भऽ सकितए । ततबए नहि, संकटक समयमे रानी लखिमा आ महाकवि विद्यापति नेपालेमे शरण लेने रहथि । इतिहास साक्षी अछि जे विद्यापतिक पदावलीक सबसँ पहिल पाण्डुलिपि सेहो नेपालसँ प्राप्त भेल छल ।

जहि मिथिलाक्षरकेँ मिथिलाक संस्कृति, साहित्य आ भाषा प्राचीनता तथा सभ्यताक सुरक्ष कवच अथवा अप्रति दूर्गा मानल जाइत अछि, ओहिमे लिखीत ग्रन्थक भण्डारण एवं संरक्षण औखन जेना नेपालमे उपलब्ध अछि तेना अन्यत्र कतहु नहि अछि । आइयो नेपालक मैथिली लेखकमे एम्मे पोथीमे नगरी आ मिथिलाक्षर दुनूक प्रयोगक परिपाटी चलिरहल अछि जे मिथिलहुमे नहि अछि । मिथिलाक्षर मिथिला आ नेपाल दुनू क्षेत्रक कालदर्पण थिक परन्तु लोक एकरा बिसरिरहल अछि । भारतक एकटा संस्कृत विश्वविद्यालय एहि वर्खसँ 'डिप्लोमा इन मिथिलाक्षर' पाठ्यक्रम प्रारम्भ कएलक अछि । मिथिलाक्षरक प्रचार–प्रसार भेने भारतक मिथिलाक्षेत्र ओ नेपाल दुनूक साहित्यिक क्षेत्रमे एकटा विलक्षण चमत्कार देखाइ पडत ।

जहाँधरि नेपालक मैथिली साहित्यक प्रश्न अछि, कवि–लेखक, पत्र–पत्रिका साहित्यिक सङ्गठन एवं इलेक्ट्रोनिक मीडियाक चतुर्भुजी प्रयत्नसँ मैथिली दिनानुदिन अपन असार–पसार बढौने जा रहल अछि । नेपालक मैथिली रचनाकारलोकनिक सूची बड पैघ अछि ओहिमे स्व. सुन्दर झा शास्त्री, रामभरोस कापडि 'भ्रमर', डा. पशुपतिनाथ झा, धीरेन्द्र प्रेमर्षि, रेवतीमरण लाल, डा. रामावतार यादव, जनानान्द मिश्र, डा. योगेन्द्र यादव, उमेश कुमार 'ललन', अयोध्यानाथ झा, राजेश्वर नेपाली, संतोषकुमार मिश्र, रूपा झा, करूणा झा, भर्मेन्द्र विह्वल एवं विनीत ठाकुर आदि प्रमुख छथि । मैथिलीसँ सम्बन्धित साहित्यिक सांस्कृतिक सङ्गठनक रूपमे विराटनगरक मैथिली

बाँकी ४ पेजमा

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोऊँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

# हामी र हाम्रो समाज

## सरोकार

अम्बराज मिश्र

'हामी अर्थात मानव' मानव अर्थात कर्मशील, गतिशील, लक्ष्य बोकेका, औकात भएका समाजमा घनिभूत उपस्थिती देखाउने, एक अर्कामा सहयोगी भावना बोकेकाहरू नै मानवको दर्जामा पर्दछौं । रूप, सम्पत्ति वा बलवान र शिक्षा मात्र भएर पनि गुण नभएकाहरूलाई मानवको दर्जा दिई रहन आवश्यक छैन । ती पशु सरह मानिन्छन ।

मानवमा दर्ज रहन आफ्नो बाहेक अरू क्षेत्रमा अग्रसर रहने मानव कल्याणको लागि, समाज कल्याणको लागि, गाउँ, नगर र राष्ट्रको लागि योगदान गर्न सक्नुपर्ने हुन्छ । ताकि योगदान गर्न नसक्ने वा असक्तले योगदान गर्न अग्रसर हुनेलाई हात मिलाएर काँधमा काँध जोडेर सहयोग गर्नसक्नु पनि मानवमै दर्ज हुनु हो ।

आफ्नो जीवनकालमा सामर्थ्य अनुसार निस्वार्थ मानव हित वा समाज हित गर्न सकिएन भने पनि मानव जीवन ब्यर्थ रहन्छ । तर शारीरिक अस्वस्थता, अपाँग , बिरामी र सामर्थ्य नभएकाहरूलाई भने मानवको दर्जाबाट हटाउन मिल्दैन ।

मानवको सर्वगुण भनेकैं आफू, परिवार, समाजहरूको आवश्यकतामा उपस्थिति दिन सक्ने खालका शिक्षा, स्वास्थ्य, रोजगार, व्यवसाय, शान्तिसुरक्षालाई अँगिकार गर्न सक्नु पर्दछ । शिक्षाको अर्थ मानवका सबै पक्षलाई सहि विश्लेषण गर्न सक्नु हो । स्वास्थ्यको अर्थ हरेक मानवको स्वस्थ्य रहन पाउने अधिकारलाई सुनिश्चितता गराउनु हो । रोजगारको अर्थ शिक्षा अनुसारको आयआर्जनको लागि रोजगारी दिलाउन सक्नु हो । व्यसायको अर्थ मानवको आवश्यक्ता पूरा गराउन गरिने आयमूलक, सेवामूलक कार्य हो । शान्तिसुरक्षाको अर्थ सबै तप्का पूरा भई सके पश्चात् मानवलाई शान्ति र सुरक्षाको आवश्यक्ता पर्दछ र त्यसको सबल व्यवस्था हुनु हो । यी सबै पूरा भएपछि पनि मानिसलाई मनोरन्जन पनि



चाहिन्छ, त्यसको लागि जातधर्म अनुसारको चार्डपर्वको व्यवस्था मिलाउनु हो ।

माथी लेखिएका र अरू अन्य कुनै पनि मानव आश्यक्ताको व्यवस्था मिलाउन गाउँ टोल, समाज देखि राष्ट्र हाक्न सरकारी तबरमा समन्वयताको लागि निकायहरू गठित हुन्छन । ती निकाय सञ्चालनको लागि समाजमा सक्षमहरू प्रशस्त रहन्छन । ती मध्ये आवश्यक निकाय सञ्चालन गर्न जनप्रतिनिधिहरूको छनौट गरि राखिने गरिन्छ । पहिले पहिले मनोनितबाट ल्याउने चलन थियो, हिजो आज जनताहरूकै चाहानामा बहुमतीय छनौट चलनको ब्यवस्था रह्यो । छनौट प्रकृया दलगत र जात र धर्म अनुसार हुन थाल्यो । अल्पमतीय जात र दलको अबमुल्यन हुन थाल्यो, स्वतन्त्र र बिज्ञहरू पाखा लागेको अवस्था छ । एउटा सक्षम र सबल समाजको लागि त्यस समाजमा बसोबास गर्ने सबै सदस्यहरू उत्तिकै जिम्मेवार रहन्छन । समाज भनेको मानवहरूको सुरक्षित रहने बासस्थान हो । समाजमा सबैखाले सुविधाहरू भएको हुनुपर्छ । जस्तै : बाटोघाटो, बत्तिबिजुली, खानेपानी , स्वास्थ्य केन्द्र, शैक्षिक संस्था, फोहोर व्यवस्थापन, खेलकुद केन्द्र, मनोरन्जनात्मक क्लब, मठ मन्दिर, आश्रम, पाटीपौवा, चौतारा, अतिथिसदन, बृक्षरोपण, भुसँरक्षण, सिँचाइ, हाटबजार र जाती धर्म अनुसारको चार्डपर्वहरूको लागि साँस्कृतीक कार्यक्रमहरू, नयाँ वर्ष, दशै तिहार, छठ विभिन्न दिवसहरू जस्ता सबैखाले पूर्णताको आभास भएको बसोबासलाई सक्षम र सबल समाजको दर्जा दिन सकिन्छ ।

त्यस्तो समाज निर्माणको लागि समाजमा रहने सबै सदस्यहरू सबै कलाले पुर्णता हुदैनन । २/४ जना सक्रिय रहन्छन, ती सक्रियहरूलाई सबै तप्काबाट साथ र सहयोग रह्यो भने त्यो समाजको विकासले पूर्णता पाउँछ र त्यस्तो समाजमा विद्वत व्यक्तीहरूले बासको लागि स्थान रोज्ने गरेको यथेष्ट प्रमाणहरू भेटिन्छन ।

तर हिजोआज समाज सुधारको लागि अग्रसर हुन खोज्नेहरूलाई भन्दा कमाउन खोज्नेहरू, गलत आचरण भएकाहरू, अरूको आशामा बसेकाहरू, बिवादमा ल्याएर फाईदा खोज्नेहरू, गलत व्यक्तिलाई उकास्नेहरूको हालीमुहाली रहने र पार्टीगत सिध्दान्तले डुबुल्की मार्नेहरूको कारण हिजो आज समाजहरू बिकृतीमय बन्दै गएका छन ।

समाज सुधारका लागि गठित निकायका जनप्रतिनिधिहरूको उद्घोष पनि राजनीतिकमै सीमित राख्दछन । कमाई हुने खालको विकासलाई प्राथमिकतामा राखेर अघि बढ्दछन । समाजमा रहेको मन मालिन्यहरूलाई सुल्फाएर हामी सबै एकै हौ भन्ने उदाहरण दिन छाडेर अझ समाजमा रहने सदस्यहरूलाई विबादीत बनाएर एकल स्वार्थ सिध्दको लागि समाजलाई नै खण्डित बनाएर फाईदा लिईरहेको प्रमाणहरू भेटिन्छ ।

समाज भनेको दल, जात, धर्म, गरिब, धनि भन्दा माथि उठेर सबैको कल्याणार्थ जुट्ने समाज नै आजको आवश्यक्तामा पर्दछ र रहनु पर्दछ, भन्ने मान्यता राखेर हिड्न सक्नुपर्ने हुन्छ । नत्र समाजले बिकृती लिन सक्छ र हाम्रा सन्तानले दु:खका दिन गनिरहनु पर्ने हुन्छ ।

अन्तत: समाज कालान्तरमा स्व:स्फूर्त खण्डहर हुने देखिन्छ । तसर्थ समाजलाई नेतृत्व तहमा रहने जनप्रतिनिधि, अग्रज र समाज प्रति मायाँ राख्नेहरूले समाजका हरेक बिकृतीमय घट्नाहरूलाई एक पछि अर्को सम्बोधन गरि बिकृती हुनबाट जोगाउने धर्म देखाउनु पर्ने हुन्छ । अनि मात्र समाजको औचित्य रहने हुन्छ । धन्यवाद ।

## सिरहा ...

प्रदेश २ मा शुक्रबार ४८ जना कोरोना संक्रमित थपिएका छन् । सामाजिक विकास मन्त्रालयका अनुसार संक्रमितमध्ये २२ जना महिला छन् ।

सबभन्दा बढी सिरहामा २२ संक्रमित थपिएका छन् । जसमध्ये १९ जना सिरहा कारागारकै कैदीबन्दी छन् । यसअघि पनि ५९ जना कैदीबन्दीमा संक्रमण पुष्टि भइसकेको छ । यस्तै बारा र पर्सामा १/१ जना, सर्लाहीमा ५ जना, रौतहटमा ६ जना र सप्तरीमा १३ जना कोरोना संक्रमित थपिएका छन् । प्रदेश २ मा संक्रमितको संख्या ११ हजार ७१३ पुगेको मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा जनकपुरधाम बस्दै आएका महोत्तरीको बथनाहा टोलका ६५ वर्षीय पुरूषको कोरोना संक्रमणबाट ज्यान गएको छ । योसँगै यस प्रदेशमा मृतकको संख्या १०८ पुगेको छ ।

## मिर्चैया ...

भनाइ थियो । संघर्ष समितिले आउँदो भदौ २८ गते राघोपुरमा सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गर्ने र असोज २ मा आन्दोलनको समिक्षा गर्दै आउने दिनको आन्दोलनका प्रारूप तय गर्ने जनाएको छ ।

## जितिया पर्व ...

पर्व मैथिल संस्कृतिको एउटा मुख्य पर्व हो । यसलाई जिमुतवाहन ब्रत पनि भनिन्छ । विशेषरूपले आइतबार र मंगलबार पर्ने जितियालाई अधिक महत्व दिइन्छ ।

धार्मिक कथाअनुरूप यस पर्वमा सूर्यपुत्र जितमहानको पूजा गर्दै उपवास बसिन्छ । ब्रतालुले उनलाई संकट मोचक एवं सफलताको प्रतीकका रूपमा लिन्छन् । तिनदिनसम्म मनाइने जितिया पर्वको पूजा विधिअनुसार बुधबार ब्रतालुले नदी, पोखरी वा इनारमा रातो माटो र पिनाले नुहाएर चोखिएपछि घिरौंलाको पातमा घिरौंलाको फूल, माटो र पिना चढाएर पूजा गरेका छन् । दोस्रो दिन बिहीबार विहान दिन भिसेमिसे विहानीमा घरभित्रै सूर्यपुत्रलाई उही रीतले पूजा गर्दै फलफूल, मिष्ठान्न, खीर र पुरीको भोग लगाएर ब्रत बसेका छन् ।

तेस्रो दिन शुक्रबार विहान सूर्योदयसँगै घर–आँगन लिपपोत गरि चोख्याएर स्नान गर्न जाँदा सम्पूर्ण पुजन सामग्री नदीमा बगाउने चलन छ । विहान सूर्य उदय हुनुपूर्व ब्रतालु महिलाले 'अंगुठन' गरे । विहान घिरौलाको पातमा च्युरा दही, केला, अमोट (आँपको रसबाट बनाएको परिकार) आदि प्रसाद चढाई सपरिवार प्रसाद ग्रहण गरे । पितृपक्षमा हुने यस पर्वमा ब्रतालु महिला आ–आˆना स्वर्गीय आमा, सासुलगायतका महिला पितृलाई नैवेद्य चढाउँछन् । पूर्णरूपले उपवास बसेकी ब्रतालुले घर फर्केर आँगनमा उसैगरि विधिवत् पूजा गरि अन्न ग्रहण गरि यो पर्व सम्पन्न गरिएको छ ।

जितिया पर्वमा यसवर्ष कोरोना महामारी कारण ब्रतालु महिलाहरूले आफन्तजनसँग घरमैं बसेर पूजापाठ गरि मनाए । रमझमका साथ पूजापाठ गरिने यो पर्वमा यसवर्ष कोरोना महामारीका कारण खासै उल्लास नभएको ब्रतालु महिलाहरूले सुनाए ।

जितिया पर्वको अवसरमा गाउँघरमा जिमुतवाहनको मूर्ती बनाएर सामूहिक रूपमा पूजापाठ गरिन्थ्यो भने त्यही अवसरमा मेला लाग्थ्यो । पूजापाठ गरिएपनि यसवर्ष गाउँघरमा मेला लागेन । थारू समुदायमा सामूहिक रूपमा झाम्टा नाँच नाच्दै गाउँदै जितिया मनाउने चलन थियो । तर उनीहरूले पनि यसवर्ष घरघरमैं जितिया मनाए । बिहान दर खाएपछि ब्रतालु महिला एकै थलोमा बसी गीत गाउँदै रमाइलो गर्थे तर यसपटक त्यस्तो हुन सकेन ।

## भाषिक ...

**अहिलेसम्म पूरा भएको पाइन्न । झन जनतामा द्वन्द्व र समस्या बढेको छ । न जनयुद्धले देखाएको सपना पूरा भएको छ न त मधेस विद्रोहले उठाएका माग पूरा भएका छन् । जनयुद्धले नयाँ नेपालको सपना देखाएको थियो भने मधेस विद्रोहले मुक्ति, पहिचान र पहिचानसहितको संघियताको सपना देखाएको थियो ।**

**यी दुवै मागहरुले जनतालाई बली चढाएर आफ्नो सुखसयललाई मात्र बढाउन लागि परे । अझ झट्ट हेर्दा पहिचान सहितको संघियता मधेस विद्रोहमा उठेको जस्तो लागेपनि यो मुद्दा जनयुद्धकै क्रममा उठिसकेको थियो । र, त पहिचानको आन्दोलन मधेसवादीसँगै पूरै देशभरमा नै फैलिएको थियो । ती पहिचानको आन्दोलनमा समावेश भाषिक पहिचानमा मधेसवादी अझ स्पष्ट रहेन । पहिचानले आफ्नो पहिचान झल्किने मुद्दा उठाउँछ तर यस विषयमा मधेसवादी स्पष्ट देखिन्दैनन् । मधेसमा जम्मा पाँच क्षेत्रीय भाषाले आफ्नो पहिचान बनाएको छ । १) थारुवानमा थारु, २) अवधमा अवधी, ३) भोजपुरामा भोजपुरी, ४) मिथिलामा मैथिली र ५) कोचमा कोचिला । तर यी सबै भाषालाई वेबास्ता गरेर मधेसवादी दलले हिन्दी भाषाको कुरो गर्नु कतिको न्यायोचित हुन्छ । सापटीमा लिएको भाषा पहिचानको भाषा कदापि हुनै सक्दैन । यदि अरुकै भाषालाई पहिचानमा राख्ने हो भने भाषिक मुक्तिको कुरा कहाँ गयो ?**

**तर्क गर्ने बेलामा 'अरुको भाषाले हामीलाई दास बनायो' भन्ने तर व्यवहारमा दास बनाई राख्ने यो त दोहोरो नीति भएन र ? हिन्दी हामी मधेसीको सम्पर्क भाषा मात्र हो । हामी मधेसीको मात्रै होइन आजको दिनमा विश्वको सम्पर्कीय भाषा बन्न गइरहेको अवस्था छ । तर पहिचानको भाषाको कुरा गर्दा खुद भारतीयहरुले नस्वीकारेको अवस्थामा यो कतिको जायज होला । हिन्दी सम्पर्कीय भाषा हो, मनोरन्जनको भाषा हो, फेसनको भाषा हो, कुटुम्बको भाषा हो तर पहिचानको भाषा कदापि होइन । त्यसकारण पहिचानको भाषाको कुरा गर्दा सम्बन्धित क्षेत्रमा रहेको क्षेत्रीय भाषा नै पहिचानको भाषा हो जसलाई हामीले मातृभाषा भन्छौं । पूरै देश र सर्वत्र चलेको भाषालाई मातृभाषा भन्न मिल्दैन, पहिचानको भाषा भन्न मिल्दैन । यदि त्यस्तो गरिन्छ भने भाषिक साम्राज्यवादी नीति हो पहिचानवादी भन्न मिल्दैन । पहिचान जन्मेको माटोले दिन्छ, सम्पर्कले होइन । यद्यपी मधेसमा मधेसका मातृभाषाको विकास, संरक्षण र सम्बर्द्धन हेतु मातृभाषाको सार्वजनिकीकरण गरिनुपर्दछ न कि घरेलुकरण । यसको लागि शिक्षा क्षेत्र र कार्यालय क्षेत्र दुवै स्थानमा मातृभाषाले प्रमुख स्थान पाउनु पर्दछ ।**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**औरही गाउँपालिका कार्यालय, सिरहा**

# स्थानीय सरकार : अवसर, चुनौती र व्यवहारिक समस्या

**पालिका बहस**

**चक्रपाणि भण्डारी**



**स्थानीय तह**

संघीय संरचनाअनुरूप नेपाललाई तीन तहमा विभाजन गरिएको छ । सोही अनुसार नेपालमा अहिले ७६१ वटा सरकार क्रियाशील छन् । नेपालको संविधानको धारा ५६ ले स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहनेछन् भनी उल्लेख गरेको छ । अहिले नेपालमा ४६० गाउँपालिका, २७६ नगरपालिका, ११ उपमहानगरपालिका र ६ महानगरपालिका गरी ७५३ वटा स्थानीय तह रहेका छन् ।

सरकारका अङ्गहरु कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको रूपमा गाउँ र नगर कार्यपालिका, गाउँ र नगरसभा र न्यायिक समितिको व्यवस्था संविधानको धाराहरु क्रमशः २१४, २२१ र २१७ मा गरी पूर्ण सरकारको स्वरूप दिइएको छ । संविधानले दिएको अधिकारको प्रयोग गर्दै जनताको सबैभन्दा नजिकको सरकार र सुख दुःखको साथीको रूपमा स्थानीय सरकारले आफ्नो भूमिका निभाइरहेको छ ।

**अवसर**

अहिलेको विश्वव्यापी कोभिड-१९ संकटको बेलामा क्वारेन्टाइन व्यवस्थापन होस् वा तथ्यांक संकलन, कन्ट्याक्ट ट्रेसिङ होस् वा राहत वितरण, समग्र महामारीको व्यवस्थापनमा स्थानीय सरकारले फ्रन्टलाईनमा रहेर सबैभन्दा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् । संघीय सरकारले सुझबुझपूर्ण नेतृत्व लिँदै तीनै तहका सरकारलाई विश्वासमा लिएर समन्वयात्मक ढङ्गले काम गर्न सकेको भए समुदायस्तरमा कोरोना फैलिरहेको अहिलेको अवस्थामा पुग्नुपर्ने हुँदैनथ्यो की । यी सबै विषयको हिसाबकिताब गर्ने बेला त भैसकेको हैन, तर संघीय सरकारको भूमिका नियामक, समन्वयात्मक, उत्प्रेरक हुन सकेमा स्थानीय तहले आफ्नो महत्तम क्षमता देखाउन सक्छन् भन्न चाहिँ सकिन्छ ।

स्थानीय माग, आवश्यकता र प्राथमिकताको सही पहिचान, अर्थात् 'बटम अप एप्रोच' को वास्तविक अभ्यास स्थानीय तहमा देखन सकिन्छ । टोलस्तरबाट योजना र कार्यक्रमको तर्जुमा गरिने तथा कार्यान्वयनमा लाभग्राहीको प्रत्यक्ष र अर्थपूर्ण सहभागिता सुनिश्चित गराई स्वामित्व बोध गराउन स्थानीय तह प्रतिबद्ध छन् । वडा तहसम्म फैलिएको संरचनाले तथ्यांक संकलन र व्यवस्थापनमा संघीय सरकारले समेत स्थानीय तहसँग समन्वय गरिरहेको छ । 'घरघरमा सिंहदरबार' को परिकल्पनालाई साकार पार्न र संघीय तथा प्रदेश सरकारका कार्यक्रम वास्तविक लाभग्राही जनतामाझ पुऱ्याउन समेत स्थानीय तहले भूमिका निर्वाह गरिरहेका छन् । तल्लो तहका जनताको जीविका र दैनिकीसँग जोडिएका स्थानीय सेवाको व्यवस्थापन, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिँचाइ जस्ता पूर्वाधार होस् वा स्थानीय मेलमिलाप र मध्यस्थकर्ता विषयमा स्थानीय तहलाई एकल अधिकार दिनुलाई जनताको झन् नजिक रहेर काम गर्ने अवसरको रूपमा लिन सकिन्छ । शासनमा सबै तह र तप्काका नागरिकको अर्थपूर्ण सहभागिता, क्षमता विकास, सशक्तीकरण र मूल प्रवाहीकरण, तथा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न स्थानीय शासन धेरै हदसम्म सफल देखिएको छ । स्थानीय सरकारहरुबीच असल अभ्यासहरूको आदानप्रदान र देखासिकीले स्थानीय तहहरूको सबलीकरण र विकासमा सकारात्मक प्रभाव पारेको छ ।

**चुनौती**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन र सोको अधीनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । स्थानीय तहको कार्यसम्पादन र सेवा प्रवाहमा प्रभावकारिता ल्याउन आवश्यक ४० भन्दा बढी कानुनहरूको निर्माणमा स्थानीय तहले थप सक्रियता देखाउनुपर्ने जरूरी छ । जनताको सबैभन्दा नजिकको सरकारको रूपमा रहेको स्थानीय सरकारप्रति जनताको ठूलो अपेक्षा हुनु स्वाभाविक हो । अपेक्षा अनुरूप ठूला पूर्वाधार विकासमा स्थानीय तहको स्रोत र क्षमताले नभ्याउन सक्छ । माग र आपूर्तिबीचमा सन्तुलन कायम गराउनु स्थानीय सरकारको ठूलो चुनौती हो ।

धेरैजसो स्थानीय तह संघ र प्रदेशले दिने अनुदान कै भरमा चलेका छन् । आफ्नो आन्तरिक स्रोतले कर्मचारीको तलब जुटाउन पनि नसकिरहेको अवस्थाबाट विकास निर्माण समेतलाई स्रोत जुटाउन सक्ने गरि आन्तरिक स्रोत बढाउनु चुनौतीको विषय हो । बिना राजनीतिक हस्तक्षेप, कर्मचारी उत्प्रेरित हुने र काम गर्ने वातावरण बनाइराख्नु स्थानीय तहको अर्को चुनौती रहेको छ । जनप्रतिनिधिमा रहेको जनताको जनमत र कर्मचारीमा रहेको विज्ञता र अनुभवको संयोजन गरि अनुचित क्रियाकलापलाई रोक्दै विधिलाई संस्थागत गर्नु पनि चुनौती कै विषय रहेको छ ।

विदेशमा गई जोखिमपूर्ण काममा श्रम पसिना बेचिरहेका युवायुवतीहरुलाई देशको राजनीतिक परिवर्तनले छुन सकेको छैन । हाम्रो माटोले आफ्नै जनताको पसिनाको महक चाहेको छ । उनीहरूलाई यहीँ ठाउँमा अवसर सृजना गरि व्यवस्थापन गर्नुपर्ने छ । महालेखा परीक्षकको सन्ताउन्नौं प्रतिवेदन, २०७७ समेतका आधारमा सबै क्रियाकलापमा स्वच्छता, जवाफदेहीको स्थापना र सर्वत्र आर्थिक अनुशासन कायम गर्न कानुनी एवम् प्रक्रियागत सुधारको आवश्यकता औंल्याइएको छ । विधि संस्थागत भई नसकेको, अनुभवको कमी, कानुनी अस्पष्टता, अन्योलता लगायत कारणले समेत आर्थिक अनुशासन उलङ्घन भएको देखिएको छ । प्रतिवेदनले लेखापरीक्षण रकमको ठुलो हिस्सा बेरूजु देखाएको छ, ( म.न.पा. ७.७९५, उ.म.न.पा. ३.४१५, न.पा. ३.९६५, र गा.पा. ३.९५५) ।

**व्यवहारिक समस्या**

राजस्व संकलन र खर्च व्यवस्थापनलाई व्यवस्थित गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानुनको अभाव छ । वित्तीय अनुशासन, जबाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने गरि आर्थिक कारोबार सञ्चालन गर्न तत्सम्बन्धी कानुन बनाई लागू गर्नुपर्नेछ । अति राजनीतिकरण, संस्थागत क्षमता विकासको अभाव, कामको चाँप अनुसार कर्मचारीलाई प्रोत्साहित गर्न नसकेको, टुक्रे योजना कार्यक्रमका कारण स्रोत साधनको सही सदुपयोग हुन नसकेको जस्ता विषय समस्याको रूपमा छन् ।

विषयगत शाखा तथा संघीय इकाईहरूबीच उचित समन्वयको अभाव खड्किरहेको अवस्था छ । योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र लाभको हिस्सेदारीमा स्थानीयको सहभागिता सुनिश्चित हुने गरी योजना तर्जुमा प्रणाली सुदृढ हुन सकेको छैन । राजनीतिक नेतृत्वमा निर्णय क्षमताको अभाव, योग्य कर्मचारीको कमी र राष्ट्रिय सरकारको अधिकार कटौती जस्ता नकारात्मक पक्ष पनि स्थानीय तहका छन् । सेवा सुविधा लिने होडबाजी र देखासिकीले बजेटको दुरुपयोग भएको देखिएको छ । आर्थिक सहायताको नाममा कुनै कानुन र कार्यविधि बिना नै अनुत्पादक तथा वितरणमुखी खर्च गर्ने प्रवृत्ति बढेको मलेप प्रतिवेदनले समेत औंल्याएको विषय हो ।

जनप्रतिनिधिहरु आफै स्वार्थ बाझिने गरी ठेक्कापट्टामा सहभागी भई **'डोजराध्यक्ष'** हुने गरेको देखिएको छ । यस्ता क्रियाकलापले आर्थिक अनुशासन कायम हुन सकेको छैन । स्थानीय तहसम्मै अभूतपूर्व रूपमा सोझै स्रोत प्राप्त हुने, आफै कर लगाउन पाइने, आफैले बनाएको कानुन बमोजिम बजेट निर्माण गर्न पाइने, आर्थिक, सामाजिक, सांस्कृतिक र व्यापारिक आदि गतिविधि सञ्चालन गर्न पाइने हुँदा प्राप्त स्रोतको दुरुपयोग भई गाउँ गाउँ र टोलरटोलमा भ्रष्टाचारको संक्रमण फैलिने डर पनि छ ।

**निष्कर्ष**

स्थानीय तहरु आर्थिक रूपमा अत्यन्तै असमान छन् । कमजोर स्थानीय तह प्रतिस्पर्धामा खरो उत्रनुपर्ने बाध्यता छ । त्यो किसिमको दूर दृष्टि, सोच र व्यवहार राजनीतिक नेतृत्वमा देखिनु आवश्यक छ । साथै कर्मचारीको क्षमता विकासमा राज्यले विशेष ध्यान पुऱ्याउनु जरूरी छ । संविधानले स्थानीय तहलाई राज्य शक्तिको प्रयोग गर्ने अधिकार सुम्पेको छ । आफ्नो शासन आफै गर्ने, आफ्नो अधिकारको स्रोत आफै हुने र आफ्नो कानुन आफै बनाउने हुँदा अब नेपाली जनता वास्तवमा सार्वभौमसत्ता सम्पन्न भएका छन् । तर संविधानले त अधिकार सम्पन्न मात्र बनाएको हो ।

यसरी प्राप्त अधिकारलाई सदुपयोग गर्दै अनुशासित, जिम्मेवार, निस्वार्थ र दृढ इच्छाशक्तिको माध्यमद्वारा आफ्नो तहको विकास गर्ने अभिभारा पनि जनताकै काँधमा आएको छ । केन्द्र तर्फ औंला देखाएर पन्छिने छुट अब स्थानीय तहलाई छैन । अधिकार सँगै ठूलो जिम्मेवारी थपिएको छ । अब पनि स्थानीय तहका प्रतिनिधि इमानदार, सक्षम, विकास प्रेमी र जिम्मेवार हुन सकेनन्, सामुदायिक हितभन्दा दलगत वा व्यक्तिगत हितमा लागे भने, र यसमा जनता आफैसमेत सचेत हुन सकेनन् भने अब जोगाउने कोही हुने छैनन् । प्राप्त अवसरहरु गुम्नेछन्, समग्र व्यवस्था नै असफल हुनेछ ।

तर हामी आशावादी भने हुनुपर्दछ । आजको नेपाली समाजले इमानदार, कर्तव्यनिष्ठ र दूरदृष्टियुक्त नेतृत्व खोजेको छ । विश्वव्यापीकरण, सूचना प्रविधिको विकास, चेतना स्तरको परिवर्तनले आज नेतृत्व भन्दा जनता दुई कदम अगाडि छन् । राजनीतिको नाममा जनता ढाँट्ने, छलकपटी गर्ने, उनीहरूको गरिबी र अशिक्षासँग खेल्ने, अन्धकारमा राखेर आफ्नो अभीष्ट पूरा गर्ने दिन अब गइसके । त्यस तर्फ सबै सचेत हुनुपर्दछ, सकारात्मक सोचका साथ अघि बढ्नुपर्छ । शिक्षा, स्वास्थ्य, रोजगारी लगायत क्षेत्रमा सुधार गर्दै समग्र विकासमा इट्टाहरु थप्नुपर्ने जिम्मेवारी हाम्रै काँधमा छ ।*प्रशासन अनलाइनबाट*

## नेपाली ...

सेवा समिति, राजविराजक नेपाल मैथिल समाज, जनकपुरधामक मिथिला नाट्यकला परिषद् जनकपुरक रामानन्द युवा क्लब तथा काठमाण्डूक विद्यापति कला केन्द्र प्रमुख अछि । तहिना इलेक्ट्रोनिक मीडियाक क्षेत्रमे जनकपुर एफ. एम., कान्तिपुर एफ. एम., रेडियो मिथिला, रेडियो जनकपुर, सलहेस चैनेल एवं सौभाग्य मिथिलाक नेपाल चैप्टर दिनानुदिन अपन लोकप्रियता बढा रहल अछि ।

ई संतोषक बात थिक जे मिथिलाक आ नेपाल दुनू ठाम मैथिलीक विकास-विस्तार हेतु रचनाकारलेकनि प्रयासरत छथि । परन्तु अनुसन्धान ओ अनुवादक वर्तमान युगमे हमरालोकनिकेँ औखन बहुत काज करबाक अछि । नेपालीक समस्त उत्कृष्ट कृतिकेँ मैथिलीमे अनुवाद करब तथा मैथिलीक समस्त उत्कृष्ट कृतिकेँ नेपालीमे अनुवाद करब ई हमरालोकनिक अनिवार्य कर्तव्य थीक ।

सङ्गहि नेपालक विभिन्न पुस्तकालयमे अथवा अन्यत्रो उपलब्ध मिथिलाक्षरमे लिखीत अजस्र पाण्डुलिपिक सम्बन्धमे सेहो धैर्यपूर्वक अनुसन्धान करब आवश्यक अछि । भारतक साहित्य अकादेमी ओ नेपालक प्रज्ञाप्रतिष्ठान दुनू मिलि कऽ एकर व्यापक योजना बना सकैत अछि । हमरा विश्वास अछि जे भारत आ नेपालकबीच साहित्यिक विनिमयक ई प्रयत्न विद्यापतिक शब्दमे *मधुर-मधुविशेष* सिद्ध हएत । नेपाल सरकारद्वारा जे एक कोटि टाकाक विद्यापति पुरस्कार वीथिक स्थापनाक निर्णय लेल गेल अछि, तदर्थ समस्त मैथिली भाषी दिसिसँ नेपाल सरकारक प्रति हम आभार व्यक्त करैत छी । परन्तु एकरासँगहि एहि अवसरपर विनम्रतापूर्वक हम किछु निवेदनो करऽ चाहैत छी जे नेपाल सरकार जानकी नवमीकेँ राष्ट्रय पर्व घोषित करए, राजर्षि जनकक नामपर एकटा विश्वविद्यालयक स्थापना कराए, जानकी मन्दिरकेँ विश्व-विरासतक रूपमे घोषित करए तथा मिथिला आ नेपालक महिलालोकनिक परम्परागत हस्त शिल्पकेँ प्रोत्साहित करबाक हेतु एकटा उपयुक्त हस्तशिल्प समन्वय संस्थानक स्थापना करए । *आँगन मैथिली भाषाक वार्षिक पत्रिकाबाट*

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३५ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३५ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्युटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)